# आर्थिक ऐन, २०७५

## कागेश्वरी मनोहरा नगरपालिका

**काठमाडौं जिल्ला**

**प्रदेश नं. ३**

**डाँछी, थली**

**२०७५ असार १३**

# आर्थिक ऐन, २०७५

## कागेश्वरी मनोहरा नगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

स्वीकृत मितिः २०७५।०३।१३

**प्रस्तावनाः** कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष ०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कागेश्वरी मनोहरा नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** नगरपालिका क्षेत्रभित्र अनसूची (१) बमोजिम सम्पति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर:** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर  जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडीबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोवार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानून बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसायमा प्रदेश कानून बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोडिक, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र र्‍याफ्टिङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोडिक, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत तोकिए बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश कानूनमा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** कर छुट सम्बन्धी व्यवस्था अनुसूची (११) बमोजिम हुनेछ । सो बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१७. **जरिवानाः** साबिकको बक्यौता कर, सेवा शुल्क तथा दस्तुरमा लाग्ने जरिवाना अनुसूची (१०) बमोजिम हुनेछ । साथै कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र निषेध गरिएको स्थानमा सवारीसाधन पार्किङ्ग, व्यापार व्यवसाय वा फोहोरमैला गर्ने**,** प्रचलित कानून विपरीतका कार्य गर्नेलाई तोकिए बमोजिमको जरिवाना गरिनेछ ।

१८. **अन्य व्यवस्थाः** नगरपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरूबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

१९. **यसै ऐन बमोजिम भएको मान्नेः** यस नगरपालिकाको विनियोजन ऐन, २०७५ मा भएका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२०. **नियम वा कार्यविधि बनाउन सक्नेः** नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ ।

२१. **खारेजीः** साबिकमा नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरू यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची - १

**सम्पति कर** (दफा २ सँग सम्बन्धित)

### (क) घर तथा अन्य संरचनाको बनौटका आधारमा घरको मूल्याङ्कन दर

| क्र.सं. | घर को बनोटको वर्गिकरण | प्रति वर्ग फिट | ह्रासकट्टी प्रतिशतमा (प्रति वर्ष) | कट्टी गर्ने जम्मा वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर ईटामा माटोको जोडाइ भएका सबै किसिमका घर र काठैकाठबाट बनेको घर | ५०० | ३ | २५ | |
| २ | भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएका सबै किसिमका घर | ६०० | २ | ३० | |
| ३ | भित्र बाहिर पाको ईटामा सिमेन्ट छाना ढलान वा बज्रको जोडाइ भएका सबै किसिमका घर (व्यक्तिगत हाउजिंग समेत) | ९०० | १ | ७० | |
| ४ | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर | १८०० | ०.७५ | १०० | |
| ५ | स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर व्यावसायीक | ८०० | ०.७५ | १०० | |
| ६ | स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर आवासीय | ६०० | ०.७५ | १०० | |
| ७ | स्टील फ्रेम स्टक्चर, आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर व्यावसायिक हाउजिङ्ग तथा अपार्टमेन्ट | २५०० | ०.७५ | १०० | |

### (ख) जग्गाको मूल्यांकन

**कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| **१** | **ब्रहमखेल गागल सडक** | | |
| | ब्रहमखेल ठूलाढिक सडक | रु. ६,००,०००।- | |

| | | | |
|---|---|---|---|
| | ठूलाढिक सातघट्टे कृषि सडक | रु. ४,००,०००।- | |
| | ठूलाढिक सातघट्टे कृषि सडक गोरेटो बाटो | रु. १,७५,०००।- | |
| | ठूलाढिक सातघट्टे कृषि सडक बाटो नभएको | रु. १,००,०००।- | |
| २ | **ठूलाढिक सातघट्टे सडक** | रु. ४,००,०००।- | |
| | ठूलाढिक सातघट्टे सडकसँग जोडिएका साना सडक | रु. ३,००,०००।- | |
| | ठूलाढिक सातघट्टे सडक गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | ठूलाढिक सातघट्टे सडक बाटो नभएको | रु. १,००,०००।- | |
| ३ | **कागेश्वरी चक्रपथ** | रु. ५,००,०००।- | |
| | कागेश्वरी चक्रपथ सँग जोडिएको कच्ची सडक | रु. ३,००,०००।- | |
| | कागेश्वरी चक्रपथ सँग जोडिएको गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | कागेश्वरी चक्रपथ सँग जोडिएको बाटो नभएको | रु. १,००,०००।- | |
| ४ | **भित्री पीच सडक** | रु. ३,००,०००।- | |
| ५ | **ढकालगाउँ सडक** | रु. ३,००,०००।- | |
| | ढकालगाउँ सडक गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | ढकालगाउँ सडक बाटो नभएको | रु. १,००,०००।- | |
| ६ | **पाताली लाकीला सडक** | रु. ४,००,०००।- | |
| | पाताली लाकीला सडक सँग जोडिएका गोरेटो बाटो | रु. ३,००,०००।- | |
| | पाताली लाकीला सडक सँग जोडिएका बाटो नभएको | रु. १,००,०००।- | |
| ७ | **सातघट्टे गागल शहिद पार्क सडक** | रु. १,५०,०००।- | |
| | सातघट्टे गागल सडक सँग जोडिएको गोरेटो बाटो | रु. १,००,०००।- | |
| | सातघट्टे गागल सडक सँग जोडिएको बाटो नभएको | रु. ५०,०००।- | |
| ८ | **सातघट्टे पिपलडाँडा सडक मजुवा** | रु. २,००,०००।- | |
| | सातघट्टे पिपलडाँडा सडक सँग जोडिएको गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | सातघट्टे पिपलडाँडा सडक सँग जोडिएको बाटो नभएको | रु. १,००,०००।- | |
| ९ | **अधिकारीगाउँ-ठाडो सडक** | रु. २,००,०००।- | |

| | | | |
|---|---|---|---|
| | अधिकारीगाँउ-ठाडो सडक सँग जोडिएको गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | अधिकारीगाँउ-ठाडो सडक सँग जोडिएको बाटो नभएको | रु. १,००,०००।- | |
| **१०** | **आलापोट सुन्दरीजल जनमार्ग सडक** | रु. ५,००,०००।- | |
| | आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडीएको कच्चि सडक | रु. २,५०,०००।- | |
| | आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडिएको गोरेटो बाटो | रु. १,५०,०००।- | |
| | आलापोट सुन्दरीजल जनमार्ग सडक सँग जोडिएको बाटो नभएको | रु. १,००,०००।- | |
| **११** | **कागेश्वरी चक्रपथ बाह्बिसे सडक** | रु..३,५०,०००।- | |
| | **अन्य कच्चि सडक** | रु. २,५०,०००।- | |
| | **अन्य गोरेटो बाटो** | रु. १,५०,०००।- | |
| | **बाटो नभएको** | रु. १,००,०००।- | |

**कागेश्वरी मनोहरा नगरपालिका वडा नं. २ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १ | कागेश्वरी चक्रपथ (कृष्णचौर गागल खण्ड) | रु.५,००,०००।- | |
| २ | पुरानो वडा कार्यालयबाट सुन्दरीजल सडक (जनमार्ग) | रु.५,००,०००।- | |
| ३ | २ नं. वडा कार्यालयबाट कागेश्वरी धाम सडक | रु.३,००,०००।- | |
| ४ | कृष्णचौर बस्नेतगाउँ ठूलाढिक सडक | रु.३,५०,०००।- | |
| ५ | चौतारीटार हेल्थपोष्ट सूर्यमण्डली सडक | रु.३,५०,०००।- | |
| ६ | फुयाँलगाउँ कटुवा सडक | रु.३,००,०००।- | |
| ७ | फुयाँलगाउँ सुर्यमण्डली सुवेदीगाउँ सडक (कागेश्वरी चक्रपथ खण्ड बाहेक) | रु.३,५०,०००।- | |
| ८ | विष्टगाउँ फुयाँलगाउँ थापागाउँ आकाशे सडक | रु.३,५०,०००।- | |
| ९ | अन्य कच्ची सडक | रु.३,००,०००।- | |
| १० | गोरेटो बाटो | रु.१,५०,०००।- | |
| ११ | बाटो नभएको | रु.१,००,०००।- | |

**कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ३ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मुल्य | कैफियत |
|---|---|---|---|
| १ | आदर्श मा.वि. त्रिवेणीचोक सडक | रु.५,००,०००।- | |
| २ | त्रिवेणीचोक झाँगाडोल सडक | रु.५,००,०००।- | |
| ३ | भटमासेबाट वि.पि.चोक जाने सडक | रु.५,००,०००।- | |
| ४ | कागेश्वरी चक्रपथ (भीमसेनस्थान कृष्णचौर खण्ड) | रु.६,००,०००।- | |
| ५ | कागेश्वरी चक्रपथ (कृष्णचौर गागल सडक खण्ड) | रु.५,००,०००।- | |
| ६ | ब्रम्हखेल गागल सडक (ठूलाढिक सम्म) | रु.६,००,०००।- | |
| ७ | कच्ची मोटर बाटो भएका जग्गाहरु | रु.३,००,०००।- | |
| ८ | गोरेटो बाटो भएका जग्गाहरु | रु.२,००,०००।- | |
| ९ | बाटो नभएका जग्गाहरु | रु.१,५०,०००।- | |

## कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मुल्य | कैफियत |
|---|---|---|---|
| १ | साँखु सडक | रु.१४,००,०००।- | |
| २ | कागेश्वरी चक्रपथ (डाँछी भीमसेनस्थान खण्ड) | रु.८,००,०००।- | |
| २ | कागेश्वरी चक्रपथ (भीमसेनस्थान कृष्णचौर खण्ड) | रु.६,००,०००।- | |
| ३ | कच्ची मोटर बाटो | रु.५,००,०००।- | |
| ४ | गोरेटो बाटो | रु.३,००,०००।- | |
| ५ | बाटो नभएको | रु.२,००,०००।- | |
| ६ | पेप्सी सडक | रु.१०,००,०००।- | |
| ७ | ब्रम्हखेल गागलफेदी सडक | रु.८,००,०००।- | |
| ८ | जस्पुर सडक | रु.५,००,०००।- | |

## कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ५ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १ | साँखु सडक | रु.१७,००,०००।- | |
| २ | सहायक पिच | रु.१०,००,०००।- | |
| | १ राधाकृष्ण मार्ग | | |
| | २ राधानगर | | |
| | ३ भीममाडी | | |
| | ४ मिलनचोक मूलपानी | | |
| | ५ थली सिंखडागाउँ | | |

| | | | |
|---|---|---|---|
| | ६ गजरकोट सिंखडागाउँ | | |
| ३ | पेप्सी ब्रम्हखेल सडक | रु.१२,००,०००।- | |
| ४ | कच्ची सडक | रु.६,००,०००।- | |
| ५ | गोरेटो बाटो | रु.४,००,०००।- | |
| ६ | बाटो नभएको | रु.३,००,०००।- | |

**कागेश्वरी मनोहरा नगरपालिकावडा नं. ६ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १ | पेप्सी - ब्रम्हखेल | रु.१२,००,०००।- | |
| २ | पिपलबोट नर्लिङ | रु.१५,००,०००।- | |
| ३ | मुखिया गाउँ - बाबाचोक | रु.१३,००,०००।- | |
| ४ | बाबाचोक - मिलनचोक | रु.१३,००,०००।- | |
| ५ | तिवारीटोल - चाँगुनारायण | रु.१२,००,०००।- | |
| ६ | दक्षीणढोका-तिवारीटोल | रु.१८,००,०००।- | |
| ७ | ग्रिनहिलसिटी भित्र | रु.१६,००,०००।- | |
| ८ | वडा भित्रका पक्की सडक | रु.१०,००,०००।- | |
| ९ | वडा भित्रका कच्ची सडक | रु.८,००,०००।- | |
| १० | गोरेटो बाटो | रु.५,००,०००।- | |
| ११ | बाटो नभएको | रु.४,००,०००।- | |
| १२ | बालगीताञ्जलि स्कूल देखि पेप्सी ब्रम्हखेल जोड्ने सडक | रु.१४,००,०००।- | |

**कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १ | पेप्सी ब्रम्हखेल | रु.१८,००,०००।- | |
| २ | माहान्टार तेजविनायक बाबाचोक चाँगु पुल सम्म | रु.१३,००,०००।- | |
| ३ | बोडे नर्लिग | रु.१५,००,०००।- | |
| ४ | का.म.न.पा.३२ खहरे वीरेन्द्र चोक मूलपानी सडक | रु.१७,००,०००।- | |

| | | | |
|---|---|---|---|
| ५ | कागेश्वरी मनोहरा वडा नं ९ कार्यालय हुँदै वीरेन्द्र चोक प्रहरी कार्यालयसम्म | रु.१७,००,०००।- | |
| ६ | गान्धी फोर्सपार्क तेजविनायक सडक | रु.१७,००,०००।- | |
| ७ | थापा चोक तेजविनायक सडक | रु.१०,००,०००।- | |
| ८ | हरहर महादेव फोर्सपार्क तेज विनायक | रु.१२,५०,०००।- | |
| ९ | बजरङ्गवली चोक फोर्सपार्क सम्म | रु.१२,००,०००।- | |
| १० | हजुरको धारा गणेश स्थान | रु.१२,००,०००।- | |
| ११ | अमरसिंह चोक (वडा कार्यालय) चापाबोट | रु.१७,००,०००।- | |
| १२ | राधाकृष्ण मन्दिर चापाबोट | रु.१२,५०,०००।- | |
| १३ | लक्ष्मी नारायण चोक पिपलबोट राधाकृष्ण मन्दिर | रु.१०,००,०००।- | |
| १४ | पूर्ण विनायक हजुरको धारा | रु.१२,५०,०००।- | |
| १५ | अमरसिंह चोक (वडा कार्यालय) बाट दक्षिण बोडे जाने सडक | रु.१७,००,०००।- | |
| १६ | बाल गीताञ्जली स्कूल देखि चालिसे दोबाटो हुँदै पेप्सी ब्रम्हखेल सडक | रु.१७,००,०००।- | |
| १७ | बाँकी कच्ची मोटर सडकहरू | रु.७,००,०००।- | |
| १८ | गोरेटो बाटो | रु.५,००,०००।- | |
| १९ | बाटो नभएको | रु.४,००,०००।- | |
| २० | भित्री पिच सडक | रु.१०,००,०००।- | |

## कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १. | बडा नं. ९ सिमाना देखि तेज विनायक हुँदै गौरीनाथ मन्दिर सम्म सडक | रु.१८,००,०००।- | |
| २. | वागमती कोरीडोर देखि मदन-आश्रित प्रतिष्ठान | रु.१४,००,०००।- | |
| ३. | वागमती कोरीडोरको बाटो | रु.१८,००,०००।- | |
| ४. | बुद्धचोकबाट सेलिब्रेसन आउने मार्ग | रु.१०,५०,०००।- | |
| ५. | ॐ चोक, शिव चोक, किराँत चोक सडक | रु.९,५०,०००।- | |
| ६. | आर्दशनगर विनायकवस्ती (नागरिक साकोस) का शाखा बाटो | रु.१०,००,०००।- | |
| ७. | तेज विनायक गेटदेखि अधिकारी गाउँ मूलपानी ६ जाने सडक | रु.९,५०,०००।- | |

| | | | |
|---|---|---|---|
| ८. | चाँपको बोटदेखि फिक्कल हुँदै अमरसिंह चोक सम्मको सडक | रु.१०,५०,०००।- | |
| ९. | ढुङ्गेधारा आनन्द नगरका भित्री सडक ४ मिटरका सडक | रु.१०,००,०००।- | |
| १०. | थामथली देखि फिक्कल जाने सडक | रु.९,००,०००।- | |
| ११. | तेज विनायक चोक देखि मदन आश्रित प्रतिष्ठान हुँदै एअरपोर्ट जाने सडक | रु.१४,००,०००।- | |
| १२. | विद्या विकास-सुशान्त मार्ग तथा चिप्लेगौडा जाने भित्री सडक | रु.९,००,०००।- | |
| १३. | साबिक १ को भित्री सडक | रु.९,००,०००।- | |
| १४. | ज्याडर वडा ८ -एअरपोर्ट सडक | रु.१५,००,०००।- | |
| १५. | चाँपाबोट देखि तेज विनायक मन्दिर सम्मको सडक | रु.९,००,०००।- | |
| १६. | वीरभद्र - नवतमधाम मार्ग | रु.१०,००,०००।- | |
| १७. | गौरीनाथ चौक देखि अधिकारी टोल जाने बाटो | रु.१०,००,०००।- | |
| १७. | कागेश्वरी मनोहरा ८ का भित्री कच्ची सडक | रु.८,००,०००।- | |
| १८. | कागेश्वरी मनोहरा ८ का गोरेटो सडक | रु.५,५०,०००।- | |
| १९. | बाटो नभएको जग्गा | रु.४,००,०००।- | |

**कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ अन्तर्गतका सडकहरूको मूल्याङ्कन दररेट**

| क्र.सं. | सडकको नाम | प्रति आना प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|
| १ | पेप्सी ब्रम्हखेल सडक | रु.२०,००,०००।- | |
| २ | खहरे वीरेन्द्रचोक सडक | रु.१९,००,०००।- | |
| ३ | खहरे वडा कार्यालय महान्टार सडक | रु.१८,००,०००।- | |
| ४ | खहरे ज्याडर सडक | रु.१७,००,०००।- | |
| ५ | निलगिरी सनसिटी सडक | रु.१९,००,०००।- | |
| ६ | महान्टार तेजविनायक सडक | रु.१८,००,०००।- | |
| ७ | गान्धी चौकी मनोहरा मार्ग सडक | रु.१८,००,०००।- | |
| ८ | सहायक पक्की मोटरबाटो | रु.१०,००,०००।- | |
| ९ | कच्ची मोटर बाटो | रु.८,००,०००।- | |
| १० | गोरेटो बाटो | रु.६,००,०००।- | |
| ११ | बाटो नभएको जग्गाको | रु.४,००,०००।- | |
| १२ | वडा कार्यालय वीरेन्द्रचोक प्रहरी प्रभाग काँडाघारी सडक | रु.१७,००,०००।- | |
| १३ | वीरेन्द्र चोक मूलपानी सडक | रु.१७,००,०००।- | |

**(ग) सम्पति करको दर**

| क्र.सं. | घर जग्गा मूल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पहिलो १० लाखसम्म | १०० | प्रत्येक वर्षका लागि प्रत्येक घर को वार्षिक रु.२०० विपद् व्यवस्थापन शुल्क बापत थप लाग्नेछ । |
| २ | त्यसपछिको थप १० लाखसम्म | २०० (एकमुष्ट) | |
| ३ | त्यसपछिको थप ३० लाखसम्म | ०.०१ % | |
| ४ | त्यसपछिको थप ५० लाखसम्म | ०.०२ % | |
| ५ | त्यसपछिको थप १ करोडसम्म | ०.०३ % | |
| ६ | त्यसपछिको ३ करोड सम्म | ०.०४ % | |
| ७ | त्यसपछिको ५ करोड सम्म | ०.०८% | |
| ८ | त्यसपछिको थपमा | ०.२०% | |

**घ.** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र एक व्यक्तिका नाममा दर्ता कायम रहेका घर तथा जग्गाहरुलाई एक युनिट मानी कर निर्धारण गरिनेछ ।

**ङ** आवासियतर्फ जग्गा मूल्याङ्कनको लागि घर र घरले चर्चेको जग्गाको बढीमा १ रोपनीसम्मको क्षेत्रफल मात्र समावेश गर्ने, व्यावसायिकतर्फ अपार्टमेन्ट बाहेकको हकमा घर बनेको क्षेत्र (LFAR) को दुई गुणा क्षेत्र र अपार्टमेन्टको हकमा तीन गुणा जग्गा मूल्यांकनमा समावेश गरी सम्पत्ति कर निर्धारण गरिनेछ ।

**च.** अपार्टमेन्टको हकमा व्यक्तिको लागि १००० वर्गफिटसम्म रु. १५००।-, १००१ वर्गफिट देखि २००० वर्गफिटसम्म रु. ३०००।- र सो भन्दा माथि जतिसुकै वर्गफिट भएपनि प्रति अपार्टमेन्ट रु. ५०००।- का दरले सम्पत्ति कर निर्धारण गर्ने । व्यावसायिक अपार्टमेन्टको हकमा अपार्टमेन्ट उपयोगमा आएको तर हक हस्तान्तरण भैनसकेको अवस्थामा सम्बन्धित व्यवसायीसँग घर र जग्गाको क्षेत्रफल समानुपातिक रूपमा गणना गरी एकमुष्ठ सम्पत्ति कर लगाउने । तर बिक्रीको लागि राखिएको स्टकमा सम्पत्ति कर नलाग्ने ।

**छ.** घर निर्माणको स्थलगत अवस्थालाई आधार मानी सम्पत्ति कर निर्धारण गरिनेछ । सम्पत्ति कर निर्धारण गर्दा नागरिकता, जग्गाधनी पुर्जा, निर्माण सम्पन्न/ प्रमाणीकरण/ नियमित प्रमाण पत्र, ब्लु प्रिन्ट लगायतका कागजात संलग्न गर्नुपर्नेछ ।

## अनुसूची - २

मालपोत (दफा ३ सँग सम्बन्धित)

साबिक गागल गा.वि.स. वडा नं. १ र २ प्रति रोपनी रु. १००/- अन्य प्रति आना रु. ५०/- (८ आना सम्म र सोभन्दा माथि रु. २५/- का दरले मालपोत लगाइने छ ।)

## अनुसूची - ३

घर बहाल कर (दफा ४ सँग सम्बन्धित)

| सि.नं | आम्दानीको शीर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| १. | बहाल कर | १.१.४ | बहाल रकमको १० प्रतिशत | |

## अनुसूची - ४

व्यवसाय कर (दफा ५ सँग सम्बन्धित)

यस नगरपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण व्यवसायहरुमा पूंजी लगानीको आधारमा निम्न तोकिए बमोजिम व्यवसाय कर असुल गरी व्यवसाय दर्ता गरिने छ ।

| सि.नं. | शीर्षक | करका दर |
|---|---|---|
| १ | रु ५० हजारसम्म पुँजी लगानी भएमा | रु १०००.०० |
| २ | रु ५० हजार १ देखि १ लाखसम्म लगानी भएमा | रु १५००.०० |
| ३ | रु १ लाख १ देखि २ लाखसम्म लगानी भएमा | रु २०००.०० |
| ४ | रु २ लाख १ देखि ५ लाखसम्म लगानी भएमा | रु ३०००.०० |
| ५ | रु ५ लाख १ देखि १० लाखसम्म लगानी भएमा | रु ५०००.०० |
| ६ | रु १० लाख १ देखि २० लाखसम्म लगानी भएमा | रु १००००.०० |
| ७ | रु २० लाख १ देखि ५० लाखसम्म लगानी भएमा | रु २५०००.०० |
| ८ | रु ५० लाख १ देखि १ करोडसम्म लगानी भएमा | रु ५००००.०० |
| ९ | रु १ करोड १ देखि २ करोडसम्म लगानी भएमा | रु १ लाख |
| १० | रु २ करोड १ भन्दा माथि लगानी भएमा | १% |

- ❖ वार्षिक कारोबारको आधारमा माथि उल्लिखित दरमा कर असुल गरी प्रत्येक वर्ष नवीकरण गरिनेछ । तर निर्माण व्यावसायको हकमा खुद नाफाको ५ % वा १० हजार मध्ये जुन बढी हुन्छ सो रकम व्यावसायिक करको रूपमा असुल गरिनेछ ।
- ❖ सुर्तीजन्य, मदिराजन्य, होटल तथा रेष्टुरेन्ट र वातावरणमा प्रतिकूल असर पार्ने (वासिंग, खानी, प्लटिंग, फिरफिरे, डायिङ्ग, प्लास्टिक जन्य लगायतका ) व्यवसायमा तोकिएको दरमा थप २०% व्यवसाय कर असुल गरि दर्ता तथा नवीकरण गरिनेछ ।
- ❖ शैक्षिक संस्थाहरुलाई व्यवसाय कर लगाइने छैन ।

## अनुसूची - ५

कवाडी कर (दफा ६ सँग सम्बन्धित )

| सि.नं | आम्दानीको शीर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| | **कवाडी सामान खरिद बिक्री** | | **रु.१५००।००** | |
| १ | झिण्डु | | ।५० पैसा प्रति किलो | |
| २. | गार्मेट टुक्रा | | ।५० पैसा प्रति किलो | |
| ३. | जलेको मोबिल | | ।२५ पैसा प्रति किलो | |
| ४. | जुट र प्लाष्टिक बोरा | | ।२० पैसा प्रति किलो | |
| ५. | कार्पेट टुक्रम | | ।५० पैसा प्रति किलो | |
| ६. | टायर ट्यूव | | ।५० पैसा प्रति किलो | |
| ७. | थोत्रो टिन | | ।५० प्रति किलो | |
| ८. | पुरानो ड्रम | | ।५० के.जि. प्रति किलो | |
| ९. | पुरानो कागज | | रु. १।०० प्रति किलो | |
| १०. | **धातुका टुक्रा** | | | |
| ❖ | फलाम | | रु. २।०० प्रति किलो | |
| ❖ | तामा, पित्तल | | रु. ४।०० प्रति किलो | |
| ❖ | मेसिनरी औजार | | रु. २।०० प्रति किलो | |
| ❖ | पोलिथिन पाइप | | रु. १।०० प्रति किलो | |
| ❖ | सिसाको धुलो | | रु. ४।०० प्रति किलो | |
| ११. | **प्रचलित कानूनले निषेध गरेको बाहेक मरेका वा मारिएका पशुका** | | | |
| ❖ | हाड | | रु. १।०० | |
| ❖ | सिङ | | रु. २।०० | |

| | | | | |
|---|---|---|---|---|
| ❖ | छाला ठूलो | | रु. ३०।०० प्रति गोटा | |
| ❖ | छाला सानो | | रु. १५।०० प्रति गोटा | |
| ❖ | पन्छीको प्वाँख | | रु. १।०० प्रति किलो | |

## अनुसूची - ६

विज्ञापन कर (दफा (८) सँग सम्बन्धित)

**क) विज्ञापन कर निम्नानुसार हुनेः**

१) घरको छत र कौसीमा परिचयपाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

२) घरमा झ्याल छोपेर परिचयपाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

३) बाटोको सिमानादेखि दश फिट भित्र तथा सँधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्बिर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

५) घर, जग्गा, व्यापारिक वा व्यावसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै घरको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन ।

७) विज्ञापन सामग्री राख्न निषेध गरिएको सर्त उल्लंघन गरेमा रु १०,०००/- सम्म जरिवाना गरी त्यस्तो विज्ञापन हटाइनेछ ।

**ख) विज्ञापन करको दरः**

१. फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. १५०।००

२. होडिङ्ग बोर्ड, नियोन साईन, ग्लो साइन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. २५०।००

३. डिजिटल बोर्डमा गरिने विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. ३५०।००

४. मालबाहक सवारी साधनको दायाँबायाँ भागमा अधिकतम दश स्क्वाएर फुटसम्मको लागि प्रति दिन रु. दुई सय पचास र स्थायी रूपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु. १५०/००

५. खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वाएर फुटका लागि प्रति दिन रु. ३५०|००

६. सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्ग्रा बिचको भाग, पछाडिको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथिपट्टिको भेन्टिलेशनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्याएर फुट रु. १५०|००

७. आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन) रु. २५०|००

८. अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु. ३५०|००

## अनुसूची - ७

**बहाल बिटौरी शुल्क** (दफा १० सँग सम्बन्धित)

- प्रति वर्गफिट प्रति महिना रु. २|००

## अनुसूची - ८

**पार्किङ्ग शुल्क** (दफा ११ सँग सम्बन्धित)

- दुई पाङ्ग्रे प्रति घण्टा रु. १०|००
- तीन पाङ्ग्रे प्रति घण्टा रु. १५|००
- चार पाङ्ग्रे प्रति घण्टा रु. २०|००
- ६ पाङ्ग्रे प्रति घण्टा रु. ३०|००
- अन्य प्रति घण्टा रु. ५०|००

## अनुसूची - ९

**सेवा, शुल्क र दस्तुर** (दफा १३ सँग सम्बन्धित)

| सि.नं | आम्दानीको शीर्षक | आम्दानी संकेत नं. | करको दर | कैफियत |
|---|---|---|---|---|
| १. | व्यवसाय सिफारिस | | रु.१०००|०० | |

| | | | | |
|---|---|---|---|---|
| २. | घर बाटो सिफारिस | | मुल्यांकनको रु ७५/०० प्रति लाख | |
| ३. | घर बाटो सिफारिस अंशबन्डा | | रु. २०००।०० | |
| ४. | चार किल्ला सिफारिस | | मुल्यांकनको रु २५/०० प्रति लाख | |
| ५. | छुट जग्गा दर्ता सिफारिस | | प्रतिआना रु.५०।०० | |
| ६. | वैदेशिक रोजगार सिफारिस | | रु.५००।०० | |
| ७. | छात्र वृत्ति सिफारिस | | निःशुल्क (गरिब तथा जेहेन्दार) अन्य रु ५००/०० | |
| ८. | नामसारी सिफारिस | | रु १०००/०० | |
| ९. | जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि सिफारिस | | रु.१०००।०० | |
| १०. | जग्गाधनी पुर्जामा घर कायम सिफारिस | | रु. ५००।०० | |
| ११. | नागरिकता सिफारिस | | निःशूल्क | |
| १२. | करचुक्ता सिफारिस | | रु.५००।०० | |
| १३. | घर कोठा खोल्ने सेवा दस्तुर | | रु.१०००।०० | |
| १४. | तीन पुस्ते फोटो टाँस सिफारिस | | रु.१०००।०० | |
| १५. | मोही लगत कट्टा सिफारिस | | रु.२०००।०० | |
| १६. | मोही नामसारी सिफारिस | | रु.१०००।०० | |
| १७. | मोही बाडफाँड सिफारिस | | रु.१०००।०० | |
| १८. | विधुत तथा धारा मिटर जडान सिफारिस (आवासीय) | | रु.५००।०० | |
| १९. | विधुत मिटर जडान व्यवसायीक थ्री फेज लाइन | | रु.१००००।०० | |
| २०. | फरक -फरक नाम थर एकै प्रमाणित सिफारिस | | रु.५००।०० | |
| २१. | फरक- फरक जन्ममिति संशोधन सिफारिस | | रु.५००।०० | |
| २२. | आर्थिक अवस्था विपन्न / ज्येष्ठ नागरिक/अपागंता / दलित तथा जनजाति प्रमाणित सिफारिस | | निःशुल्क | |
| २३. | आर्थिक अवस्था सम्पन्न भएको प्रमाणित | | रु.१०००।०० | |
| २४. | सर्जमिन मुचुल्का सिफारिस | | रु.५००।०० | |
| २५. | **बिद्यार्थी अध्ययन सिफारिस सँग सम्बन्धित** | | | |

| | | | | |
|---|---|---|---|---|
| क. | अंग्रेजीमा गरिएका स्वदेशी तथा वैदेशिक बिद्‌यार्थी अध्ययन | | रु.२००।०० | |
| ख. | नाता कायम सिफारिस | | रु.२००।०० | |
| ग. | करचुक्ता | | एकमुष्ठ रु.५००/०० | |
| घ. | सम्पत्ति मूल्याङ्कन | | २०००।०० | |
| ङ. | वार्षिक आय प्रमाणित | | रु. २००।०० | |
| च. | विवाहित/ जन्म/ अविवाहित/ ठेगाना संशोधन सिफारिस | | प्रति २००।०० | |
| छ. | अन्य | | रु २००/०० | |
| २५. | **एम्वुलेन्स दस्तुर** | | | |
| क. | १० कि.मि.सम्मको | | रु.३००।०० | |
| ख. | १० देखि १५ कि.मि.सम्म | | रु.५००।०० | |
| ग. | त्यस पछि प्रति कि.मि. | | रु.३०।०० | |
| २६. | **नाता प्रमाणित** | | | |
| क. | जीवित नाता प्रमाणित | | रु.५००।०० | |
| ख. | मृत्यु नाता प्रमाणित | | रु.२००।०० | |
| २७. | **पञ्जीकरण** | | | |
| क. | जन्म, विवाह, मृत्यु,बसाइँ सराइँ, सम्बन्ध विच्छेद | | रु.१००।०० | घटना घटेको ३५ दिन भित्र निःशुल्क |
| २८. | **न्यायिक समितिबाट कार्यसम्पादन हुने स्थानीय सरकार संचालन ऐन – २०७४ को दफा ४७)१ ( बमोजिमका मुद्‌दा** | | | |
| क. | निवेदन फिराद दर्ता | | रु १००/०० | |
| ख. | प्रतिलिपि प्रति पाना | | रु ५/०० | |
| ग. | मिलापत्र दस्तुर | | रु १०००/०० | |
| घ. | जग्गा नापनक्सा दस्तुर प्रति आना | | रु १००/०० | |
| | **न्यायिक समितिबाट कार्यसम्पादन हुने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) बमोजिमका मुद्‌दामा** | | | |
| क. | निवेदन फिराद दर्ता | | रु १०००/०० | |
| ख. | प्रतिलिपि प्रति पाना | | रु ५/०० | |
| ग. | मिलापत्र दस्तुर | | रु १०००/०० | |
| घ. | जग्गा नापनक्सा दस्तुर प्रति आना | | रु १००/०० | |
| २९. | **शिक्षासँग सम्बन्धित (संस्थागत)** | | | |
| क. | अनुमति आधारभूत (१-५) | | रु.५०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | अनुमति आधारभूत (६-८) | | रु.७०००।०० | |
| | अनुमति माध्यमिक | | रु.९०००।०० | |
| ख. | ठाउँसारी | | रु.९०००।०० | (प्रति विद्यालय) |
| ग. | नाम परिवर्तन | | रु.९०००।०० | (प्रति विद्यालय) |
| घ. | क्याम्पस सिफारिस | | रु १०००/०० | |
| ङ. | प्रमाण पत्र प्रमाणीकरण | | रु.५००।०० | |
| च. | कोचिंग, ट्युसन र भाषा कक्षाहरु संचालन अनुमति | | रु ५०००/०० | |
| छ. | संस्थागत विद्यालय नवीकरण अनुमति शुल्कको ५०% लिइने छ । | | | |
| ज. | कक्षा आठको ग्रेड सिट प्रतिलिपि | | रु २००/०० | |
| झ. | जन्ममिति, नाम थर परिवर्तन सिफारिस | | रु २००/०० | |
| ञ. | अन्य सिफारिस | | रु ५००/०० | |
| ३०. | **घर नक्सा पास सँग सम्बन्धित** | | | |
| क. | माटो जोडाइ टायल जस्ता छाना (अस्थायी टहरा) आवासीय | | प्रतिगोटा रु.१०००।०० | |
| ख. | माटो जोडाइ टायल जस्ता छाना (अस्थायी टहरा) व्यावसायिक | | प्रतिगोटा रु.५०००।०० | |
| ग. | ट्रस टहरा आवासीय | | प्रतिगोटा रु.५०००।०० | |
| घ. | ट्रस टहरा व्यावसायिक | | वर्ग फिट रु १५ | |
| ङ. | पक्की ईटा माटोको जोडाइ | | प्रति व.फी रु.२।०० | |
| च. | पक्की ईटा सिमेन्ट जोडाइ | | प्रति व.फी रु.६।०० | |
| छ. | फ्रेम स्ट्रक्चर (आवासीय २००० व.फि. सम्म) | | प्रति व.फी रु.१०।०० | |
| ज. | फ्रेम स्ट्रक्चर (आवासीय २००१ देखि ३००० व.फि. सम्म) | | प्रति व.फी रु.१५।०० | |
| झ. | फ्रेम स्ट्रक्चर (आवासीय ३००१ व.फि. भन्दा बढी ) | | प्रति व.फी रु.२०।०० | |
| ञ. | फ्रेम स्ट्रक्चर (हाउजिंग र व्यावसायिक २००० व.फि. सम्म ) | | प्रति व.फी रु.२०।०० | |
| ट. | फ्रेम स्ट्रक्चर (हाउजिंग र व्यावसायिक २००१ देखि ३००० व.फि. सम्म ) | | प्रति व.फी रु.३०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ठ. | फ्रेम स्ट्रक्चर (हाउजिंग र व्यावसायिक ३००० व.फि. भन्दा बढी) | | प्रतिव.फी रु.३५।०० | |
| ड. | अपार्टमेन्ट | | प्रतिव.फी रु.४०।०० | |
| ढ. | नक्सा निवेदन | | रु १०००/०० | |
| ण. | नक्सा संशोधन शुल्क | | प्रति व.फी रु.१।०० | |
| त. | नक्सा नामसारी | | प्रति व.फी रु.२।०० | |
| थ. | प्राविधिक सेवा शुल्क | | रु १५००/०० | |
| द. | निर्माण सम्पन्न र आंशिक निर्माण सम्पन्न प्रमाण पत्र | | रु ५००/०० | |
| ध. | नक्सा प्रतिलिपि प्रमाणित | | रु १०००/०० | |
| न. | नक्सा नवीकरण (DPC) | | प्रति व.फी रु २/०० | |

३१. साबिक गा.वि.स. र नगरपालिकाबाट नक्सा पास गरी वा नगरी मापदण्ड विपरीत निर्माण भएका घरहरूको व्यवस्थापन र सो को शुल्क नगरपालिकाको संशोधित भवन निर्माण प्रमाणीकरण कार्यविधि बमोजिम हुनेछ ।

३२. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत दस्तुर --- रु १००००/००

'घ' वर्गको निर्माण व्यवसायी नवीकरण दस्तुर --- रु ५०००/००

३३. यस नगरपालिकाबाट प्रदान गरिएका विभिन्न प्रमाणपत्रहरू प्रमाणित बापत --- रु. २००/- प्रति प्रमाणपत्र

३४. साना तथा घरेलु उध्योग अनुमति/दर्ता --- रु ५०००/००

३५. **प्राकृतिक स्रोत उपयोग र निकासी कर सम्बन्धी**

क. प्राकृतिक स्रोत उपयोग बापत

- माटो --- प्रति क्यु फिट रु १/००
- बालुवा --- प्रति क्यु फिट रु ७/००
- ढुंगा --- प्रति क्यु फिट रु १५०/००

ख. खानी सिफारिस र नवीकरण --- रु ५००००/०० (पचास हजार)

ग. खानी अनुमति/ दर्ता/नवीकरण --- रु ५००००/०० (पचास हजार)

घ. वासिंग/फिरफिरे संचालन अनुमति --- रु २०००००/०० (दुई लाख)

ङ. वासिंग/फिरफिरे नवीकरण --- रु १०००००/०० (एक लाख)

च. प्लटिंग सिफारिस

- १५ रोपनी सम्मको --- रु २५०००/०० (पच्चीस हजार)
- १५ देखि ३० रोपनी सम्मको --- रु ५००००/०० (पचास हजार)

- ३० रोपनी भन्दा बढी --- रु १ लाख

छ. जरिवाना --- रु ५००००/-

ज. निजी जग्गा व्यवस्थापन, स्वीकृति (१ रोपनी सम्म निजी प्रयोग वा कृषि प्रयोजन) --- रु ५०००/००

झ. निजी जग्गा व्यवस्थापन स्वीकृति (१ रोपनी भन्दा बढी र व्यवसायिक प्रयोजन) --- रु २००००/००

ञ. माटो, बालुवा र ढुंगा निकासी करको दर

- खानी, वासिंग र अन्य क्षेत्रबाट निकासी हुने बालुवा (नदीले थुपारेको बाहेक) --- प्रति क्यु फिट रु ३/००
- बालुवा (वर्षायाममा थुप्रिएको) --- प्रति क्यु फिट रु १०/००
- ढुंगा --- प्रति क्यु फिट रु ३/००
- माटो --- प्रति क्यु फिट रु १/००
- प्रशोधित पिउँने पानी ---- प्रति लिटर रु. ००/१०

## अनुसूची - १०

**जरिवाना** (दफा १७ सँग सम्बन्धित)

१. गत आ.व. सम्मको बक्यौता कर, सेवा, शुल्क तथा दस्तुर साबिकको दर बमोजिम १०% जरिवाना लगाई असुल उपर गरिनेछ ।

## अनुसूची - ११

**छुट सम्बन्धी व्यवस्था** (दफा १५ सँग सम्बन्धित)

१. आ.व. ०७५/७६ को असोज मसान्तसम्म कर दाखिला गर्ने करदाताहरुलाई लाग्ने करमा १०% छुट दिइनेछ ।

२. विद्यार्थीहरूको वैदेशिक अध्ययन प्रयोजनको लागि मूल्यांकनमा देखाएको घरभाडामा कर छुट हुनेछ ।